मिति : **बैशाख २८ २०७९**

**वैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको दिगो पुनःएकीकरण सम्बन्धी**
**माग पत्र**

वैदेशिक रोजगारी नेपालको अर्थ व्यवस्थाको एक महत्वपूर्ण पाटो हो । यो अधिकांश नेपाली परिवारसँग जोडिएको सवाल हो । गत वर्ष २०२१ मा कोभिड १९ को महामारीकोबीचमा पनि वैदेशिक रोजगार विभागले २,४०,००० श्रम स्वीकृति दिएको थियो । अवसरको खोजिमा प्रत्येक दिन १,५०० देखि १,७०० जना नेपाली विदेशिन बाध्य छन्, यसमा महिलाको संख्या उल्लेख्य छ । एक अध्ययनका अनुसार  मलेसिया र मध्यपूर्वी देशमा रहेका नेपाली महिला कामदारहरु मध्ये ९० प्रतिशत महिला बिना कागजात काम गर्न बाध्य थिए । सन् २०२० को जुलाई देखि २०२१ को जुलाई महिनासम्म वैदेशिक रोजगार विभागले ११४५६ जना महिलालाई श्रम स्वीकृती (जसमध्ये ४५५७ दक्ष र ५७१७ अदक्ष) दिएको थियो ।[1]

महिलाको सन्दर्भमा, नेपाल सरकारले अवलम्बन गर्ने रणनीति तथा कार्यक्रमहरु मानव अधिकारवादी दृष्टिकोणबाट भन्दा संरक्षणवादी दृष्टिकोणबाट तयार गरिएका छन् । यस्ता नीति तथा रणनीतिहरुले महिलाको समानता र रोजगारी सहित, हिंसा र विभेदमुक्त जीवन बाच्न पाउने संवैधानिक हक उल्लङ्घन गर्नुका साथै महिलाको मानव अधिकार हनन् भएको छ । यसले महिलाको आफ्नो शरिर, श्रम र गतिशीलताको अधिकारलाई कुण्ठित गर्नुको साथै आत्मविश्वासमाथि ठेस पुर्‍याएको छ । फलस्वरुप दलाल र रोजगारदाता कम्पनीका एजेण्टहरुले उनीहरुलाई फन्दामा पार्दै विवशतालाई आधार बनाइ शोषण गर्न सक्ने वातावरण मिलेको छ । महिलामाथि विभिन्न हिंसा र विभेदका साथसाथै मानव बेचबिखनको जोखिम थपिएको छ । नेपाल सरकार महिलामाथि हुने सबै प्रकारका विभेद उन्मुख महासन्धि (सिड), आर्थिक सामाजिक साँस्कृतिक अधिकारसम्बन्धि अर्न्तराष्ट्रिय महासन्धि लगायतका मानव अधिकारका अर्न्तराष्ट्रिय मापदण्डको पक्ष राष्ट्र हो यी कमिटिहरुले आफ्ना प्रतिवेदनहरुमा नेपाल सरकारलाई वैदेशिक रोजगारमा जाने, जानसक्ने, फर्कने, सबै महिलाहरुका लागि विशेष व्यवस्था गरि जोखिम न्यूनीकरण गर्न पटक पटक सुझाव दिएको छ । नेपाल सरकारको स्थानीय सुशासन ऐन २०७२ ले वैदेशिक रोजगारीमा गएकाहरुलाई स्थानीय सरकारको नीति कार्यक्रम अर्न्तगत पुनःएकीकरण गर्न निर्देशित गरेको छ । कोभिड १९ को माहामारीबाट पाठ सिकि वैदेशिक रोजगारीमा जानेका लागि दिगो पुनःएकीकरणको लागि काम गर्ने अवसर पनि सरकारसामु छ । यसका लागि नेपाल सरकारद्वारा वैदेशिक रोजगारसँग सम्बन्धित हालका कानुनहरुमा परिमार्जन गर्दै पुनःएकीकरणको लागि स्पष्ट कानुन तथा नीतिगत व्यवस्था गर्नु आवश्यक छ ।

यसरी तयार गरिने नीतिहरु महिला कै अनुभवमा आधारित हुन सक्दा दिगो र प्रभावकारी हुन्छ । यसलाई मध्यनजर गरि सरकारको नीतिहरु प्रभावकारी बनुन भन्ने उद्देश्यले मे १७ देखि २० मा अमेरिकाको न्यूयोर्कमा हुन गइरहेको प्रथम अर्न्तराष्ट्रिय आप्रवासन समिक्षा भेला, (**International Migration Review Forum 2022 -IMRF)** समेतलाई  केन्द्रमा राख्दै ओरेक, तरंगिनी फाउण्डेसन र पौरखीले जम्मा १८४ जना वैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुसँग महिलावादी सहभागितामूलक पद्धतिमा आधारित अध्ययन गरेको थियो । उक्त अध्ययनहरुबाट प्राप्त नतिजालाई विश्लेषण गरि आउँदै गरेको अर्न्तराष्ट्रिय आप्रवासन समिक्षा भेला र त्यसमा हुने नेपाल सरकारको सहभागितामा सहयोगी होस् भन्ने हेतुले तिनै सहभागिहरुसँग मिति २०७९ बैशाख २० (तदानुसार ३ मे २०२२) मा काठमाडौँमा एक राष्ट्रिय कार्यक्रमको आयोजना गरिएको थियो । उक्त भेलामा सहभागीहरुले व्यक्त गर्नुभएका आफ्ना भोगाइहरु, प्रतिक्रिया र जीवनको भोगाइलाई समेट्दै अध्ययनका नतिजाहरुलाई अझ बलियो बनाई नेपाल सरकारले अविलम्व गर्नुपर्ने कामको क्षेत्र, सुधार गर्नुपर्ने नीतिगत व्यवस्था, कानुन संशोधन जस्ता पक्षलाई स्पष्ट बनाउन निम्न १२ बुँदे मागहरुसहितको माग पत्र जारी गरिएको छ । यसले सरकारको पुनःएकिकरणको नीति कार्यक्रमलाई सहयोग पुग्ने हाम्रो विश्वास रहेको छ ।

[1] file:///C:/Users/dell/Downloads/Document_2021072709540%20(1).pdf

**मागहरु**

१.अहिले भइरहेको वैदेशिक रोजगार सम्बन्धी ऐन, महिलाहरुको अनुभवलाई आत्मसाथ गर्दै, समाजमा महिलालाई दिइएको दर्जा र त्यसले पार्ने असरप्रति सचेत हुँदै अविलम्व परिमार्जन गरियोस् ।

२. वैदेशिक रोजगार सम्बन्धी सूचना वैदेशिक रोजगारमा जान चाहने हरेक व्यक्तिले प्रभावकारीरुपमा तोकिएको मुलुकमा वैधानिक तवरले जानेबारे समुदाय तहमा प्राप्त गर्ने व्यवस्था कानुनीरुपमा सुनिश्चित गरियोस् । यसो गर्दा महिलाको घर, परिवार र समाजमा रहेको स्थानलाई केन्द्र बिन्दुमा राखियोस् ।

३. वैदेशिक रोजगारीमा जाने महिलाका लागि अनिवार्यरुपमा गन्तव्य मूलकको भाषा, सँस्कृति, आवश्यक पर्ने सीप जस्ता आधारभूत आवश्यकताहरु परिपुर्ती गर्न स्पष्ट र प्रभावकारी नीतिगत व्यवस्था गरियोस् ।

४. सरकारद्वारा वैदेशिक रोजगारमा गएकाहरुको पूरै तलब, पेशागत स्वास्थ्य र सुरक्षालगायत आधारभूत अधिकारको सुनिश्चिचताका लागि कानुनी तथा नीतिगत व्यवस्था गरियोस् । कुनै पनि नेपाली नागरिक वैदेशिक रोजगारीको क्रममा नठगिउन भन्नेमा सचेत हुँदै द्विपक्षीय/त्रीपक्षीय सम्झौताको व्यवस्था गरियोस् । यदि वैदेशिक रोजगारीको क्रममा ज्याला ठगी वा ज्याजतीमा परे तत्काल उद्धार, न्यायको प्रत्यभुतितथा उपयुक्त क्षतिपूर्ती हुनसक्ने गरि नीतिगत व्यवस्था गरियोस् । यस्तो व्यवस्था एउटा सीमा तोकि निश्चित अवधीभित्र बिना कागजात गएका श्रमिकहरुको हकमा पनि लागु गरियोस् ।

५. वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई उनीहरुको अधिकार, उजुरी दर्ता प्रणाली, पुर्नस्थापनाका सहयोगी संयन्त्रलगायत सम्बन्धी उनीहरुले बुझ्ने गरि सरल तरिकामा जाने क्रममा गन्तव्य मुलुकमा हुँदा वा फर्किसकेपछि पनि सूचना दिइयोस् । यसरी जानकारी उपलब्ध गराउँदा पढ्नै नजान्नेहरुलाई समेत ध्यानमा राखि विभिन्न भाषा वा माध्यमबाट जानकारी दिने नीतिगत व्यवस्था होस् । यस्ता सूचनाहरु तयार गर्दा कही कतै यी सूचनाहरुले विभेद नबढाओस् भन्नेमा सचेतता अवलम्वन गरियोस् ।

६.योगदानमा आधारित लाभको प्रावदानले सबैलाई समेट्न नसक्ने भएको हुँदा त्यसमा पूर्णरुपले परिमार्जन गरियोस् । विभिन्न कारण बिना कागजात वैदेशिक रोजगारीमा गएकाहरुलाई पनि उनीहरु विदेशमा काम गर्ने क्रममा बिरामी हुँदा वा दुर्घटनामा परेमा पुनर्स्थापित हुन सहयोग गर्ने भन्ने नीतिगत व्यवस्था गरियोस् ।

७. नेपाल सरकारद्वारा पटक पटक विभिन्न बाहनामा महिला श्रमिकहरुमाथि विभिन्न प्रकारका बन्देज लगाउँदै आएको छ । यसले सरकारको छविलाई नराम्रो बनाएको छ । बन्देजका कारण नै महिलाहरुले अवैधानिक बाटो रोज्नु परिरहेको छ । दलालको फन्दामा परि मानव बेचबिखनको थप जोखिममा पर्ने स्थिती तयार भएको छ । यो स्थितीमा अविलम्व सुधार ल्याउन हालको सबै बन्देजहरु फुकाउँदै सरकारले गन्तव्य मुलुक र कामको विकल्पहरु थप गर्दै, धेरैभन्दा धेरै गन्तव्य मूलुकहरुसँग द्विपक्षीय सम्झौताहरु गर्नुका साथै श्रम स्वीकृति र उजुरी दर्तालाई स्थानीयकरण गर्ने उचित कानूनको व्यवस्था गरियोस् ।

८.वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सूचना सङ्कलन र पुनर्स्थापनाबारे राष्ट्रिय र स्थानीयस्तरमा सजिलै जानकारी पाउन मिल्ने गरि सूचना व्यवस्थापन प्रणालीको व्यवस्था गरियोस् । समाजमा रहेको महिलालाई हेर्ने दृष्टिकोण, समाजमा रहेको महिलाको श्रमलाई श्रम नमान्ने धारणा, महिलाको यौनिकता, निर्णय जस्ता कुरामा महिलाले निर्णय गर्न मिल्दैन भन्ने सोच नै वैदेशिक रोजगारीमा महिलाहरुको शोषण र फर्किएका महिलाहरुको सामाजिक एकीकरणमा हुने विभेद र आउने कठिनाइका कारण हुन भन्ने आत्मसाथ गर्दै कानुन मन्त्रालयबाट सामाजिक रुपान्तरणको प्रक्रिया सहज हुने कानुनको निर्माण गरियोस् ।

९. वैदेशिक रोजगारीबाट फर्किएकाहरुको क्षमता प्रमाणिकरण गर्ने लक्षित कार्यक्रम कार्यान्वयन गरियोस् । सरकारको फिर्ती तथा पुर्नस्थापना कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्किएकाहरु (विशेषगरि महिला) को सीप, ज्ञान र अनुभवलाई अधिकतम उपयोग गर्ने खालको कार्यक्रम ल्याइयोस् ।

१०. सरकारले अभिलम्ब ILO महासन्धी १८९, १९० र श्रमिक र श्रमिकका परिवारको अधिकारको सुरक्षासम्बन्धी अर्न्तराष्ट्रिय महासन्धी, १९९० अविलम्व अनुमोदन गरियोस् ।

११. वैदेशिक रोजगारीबाट फर्केर आएपछि आत्मसम्मानपूर्वक बाँच्न पाउने सामाजिक तथा आर्थिक वातावरणको सुनिश्चितता गर्न स्पष्ट कानुनी एंव नीतिगत व्यस्था गरियोस् ।

१२. राज्यले व्यवस्था गरेको विविध स्वरोजगार नीति तथा कार्यक्रमहरुमा वैदेशिक रोजगारीबाट फर्केका महिलालाई उच्च प्राथमिकतामा राखि विशेष व्यवस्था गर्ने गरि कानुन निर्माण होस् ।

लुभराज न्यौपाने
कार्यकारी निर्देशक